# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा, प्रदेश नं.२, नेपाल

## पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०६।१९)

(राजश्व उप–शाखा)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०७८/०७९ देखि २०८०/०८१ असार मसान्त सम्म तिन आ.व.को लागि माछा उत्पादन तथा विक्रि वितरण गर्न प्रयोजनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म र कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार को समूहमा रहेको पोखरीहरुको शिलवन्दी दरभाउ पत्र पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु.१०००।– को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्र मा आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौं दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको समुह खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.१४२००००४१९०१ एन.सि.सि.बैंक धनगढी सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउ पत्रहरु सि.न. २ मा उल्लेखित भएको दिनको १२ बजे पछि तुरुन्तै सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर दरभाउपत्र दाताको प्रतिनिधि उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउ स्विकृत हुदाँ दरभाउपत्र दाताले आफुले कवोल गरेको रकम तिन किस्तामा बुझाउनुपर्ने छ । पहिले किस्ताको ३०% प्रतिशत रकम , दोस्रो किस्तामा ४०% प्रतिशत र तेस्रो किस्ता ३०% प्रतिशत रकम बुझाउनु पर्ने छ ।आ.व. २०७८।०७९ मा पहिलो किस्ता को रकम ठेक्का सम्झौता गर्न आउदा धनगढी सिरहा स्थित एन. सि.सि. बैकमा रहेको यस नगरपालिकाको राजश्व खाता न.१४२००००४०८०१ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । दोस्रो र तेस्रो किस्ताको ७०% प्रतिशत बराबरको हुने रकम मान्यता प्रप्र बैंक बाट जारि भएको बैंक ग्यारेन्टि सम्झौता गर्न आउदा पेश गर्नु पर्नेछ । दोस्रो किस्ताको ४०% प्रतिशत रकम आ.व.२०७९/०८० को श्रावण महिना भित्र बुझाउनु पर्ने छ । तेस्रो किस्ता को ३०% प्रतिशत रकम आ.व.२०८०/०८१ असार २० गते भित्र बुझाउनु पर्ने छ । बैंक ग्यारेन्टी पेश गर्न नसक्ने को हकमा कवोल रकम एक मुष्ठ बुझाउन सकिने छ ।

५. दरभाउ पत्र खरिद गर्ने,अन्तिम दिन दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको भोलि पल्ट कार्यालय खुल्ने दिन क्रमश सोही समयमा हुनेछ।

६. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी वुझाउन बाँकी रहेको व्यक्ति वा फर्मले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

७. कुनै कारणा देखार वा नदेखाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा दरभाउपत्र प्रत्रिया रद्ध / बदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. प्रत्येक ठेक्काको छुटाछुटै दरभाउ पत्र खरिद तथा दाखिला गर्नु पर्नेछ।

९. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन।

१०. पोखरीको संरचना आफूखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतिपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

११. यस सम्बन्धि सुचना धनगढीमाई नगरपालिकाको website मा पनि हेर्न सकिने छ।

१२. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ।

१४. दरभाउपत्र स्वीकृत भए पश्चात सम्झौता गर्न आउँदा कवोल अंकको ५% प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत वापत नगद जम्मा गरेको भौचर वा ३७ महिना म्याद भएको यस कार्यलयको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको ग्यारेन्टी पत्र पेश गर्नु पर्ने छ

१५. धनगढीमाई नगरपालिका वडा नं.९ मा पर्ने राम जानकी पोखरीको हकमा ठेक्का लिने ठेक्कदार ले एकमुष्ठ रकम बुझाउनुपर्ने छ।

१६. दरभाउपत्र खरिद दाखिला , मूल्याङ्कन तथा सम्झौता लगायतका कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार हुनेछ।

१७. यस सूचना अल्लेख नभएका अन्य कुराहरु रकम र सरकारि ठेक्का बन्दोबस्त ऐन २०२०, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम तथा अन्य प्रचलित नेपाल ऐन नियम बमोजिम हुनेछ।

**ठेक्का लगाउने पोखरीहरुको विवरणहरु**

**समुह (क)**

| क्र. स. | ठेक्का न. DH-Mun 2078/79 -03 | पोखरीहरुको नाम | ठेगाना | पोखरीहरुको पानीको क्षेत्रफल | आ.व. २०७८।७९ को ठेक्का रकम | धरौटी रकम कवोल अंकको ५ प्रतिशत हुने रकम |
|---|---|---|---|---|---|---|
| १. | | संयुक्त पोखरी | धनगढगाई न.पा.१ | ६३०० वर्ग गि. | | |
| २. | | बमभोल पोखरी | धनगढमाई न.पा.१ | ३०२१ वर्ग मि. | | |
| ३. | | गैाडगरा पोखरी | धनगढमाई न.पा.१ | १६०० वर्ग मि. | | |
| ४. | | गढीया पोखरी | धनगढमाई न.पा.२ | ४५५० वर्ग मि. | | |
| ५. | | राम जानकी पोखरी | धनगढमाई न.पा.३ | ३०१० वर्ग मि. | | |
| ६. | | देवल सुब्बा पोखरी (ठुलो) | धनगढमाई न.पा.३ | ८२०२.५ वर्ग मि. | | |
| ७. | | वेवल सुब्बा पोखरी (सानो) | धनगढमाई न.पा.३ | ९६३२ वर्ग मि. | | |
| ८. | | दिलहरी पोखरी | धनगढमाई न.पा.३ | ३८०७ वर्ग मि. | | |
| ९. | | दाया महिला समुह पोखरी | धनगढमाई न.पा.४ | १०५४ वर्ग मि. | | |
| १०. | | अलुवा बाँध्र पोखरी | धनगढमाई न.पा.४ | १२४७८.५ वर्ग मि. | | |
| ११. | | गाँउ ब्लकको पोखरी संतनगर | धनगढमाई न.पा.४ | ८२० वर्ग मि. | | |

**जम्मा क्षेत्रफल ५४,४७५ वर्ग मी. र रकम -१९५३०००।–**

**समुह (ख)**

| क्र. स. | ठेक्का न. DH-Mun 2078/79-04 | पोखरीहरुको नाम | ठेगाना | पोखरीहरुको पानीको क्षेत्रफल | आ.व. २०७८।०७९ को ठेक्का रकम | धरौटी रकम कवोल अंकको ५ प्रतिशत हुने रकम |
|---|---|---|---|---|---|---|
| १.. | | जोगियावाला टोलको पाखरी | धनगढमाई न.पा.८ | १०००० वर्ग मि. | | |
| २. | | डोकहा पोखरी | धनगढमाई न.पा.१० | ३२३६.७५ वर्ग मि. | | |
| ३. | | भिखारी पोखरी | धनगढमाई न.पा.११ | ३८०२.५ वर्ग मी. | | |
| ४. | | सोनापुर कुटी पोखरी | धनगढमाई न.पा.११ | ६२७१.२५ वर्ग मि. | | |

**जम्मा क्षेत्रफल २३,३१०.५ वर्ग मी. र रकम-४६००००।-**

**समुह (ग)**

| क्र. स. | ठेक्का नं. DH-Mun 2078/79 -05 | पोखरीहरुको नाम | ठेगाना | पोखरीहरुको पानीको क्षेत्रफल | आ.व. २०७८।०७९ को ठेक्का रकम | धरौटी रकम कवोल अंकको ५ प्रतिशत हुने रकम |
|---|---|---|---|---|---|---|
| १. | | रामजानकी पोखरी | धनगढीमाई न.पा. ९ | २३२८.७५ वर्ग मि. | २००००।- | |

**जम्मा क्षेत्रफल २,३२८.७५ वर्ग मि. र रकम - २००००।-**